**प्रस्तावहरु :**

१) निर्वाचन सम्पन्न गराउन सहयोग गर्नेलाई धन्यवाद सम्वन्धमा ।

२) वडा नं. ४ कार्यालय भवन निर्माण जग्गा प्रदान सम्बन्धमा ।

३) वडा नं. १ देखि १६ का वडा कार्यालय संचालन सम्बन्धमा ।

४) नियमित बोर्ड बैंठक सम्बन्धमा ।

५) निर्माणाधिन राजमार्गए र कार्यालय हाताभित्रको भवन छिटो सम्पन्न गराउने सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**
प्रस्ताव नं. १ माथि छलफल गर्दा स्थानीय तह २०७४ साल वैशाख ३१ गते सम्पन्न गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खट्ने यस न.पा.का कर्मचारीहरु सुरक्षा निकायका कर्मचरीहरु, पत्रकार सम्पूर्ण राजनितिक दलका प्रमुख एवं कार्यकर्ता, संघसंस्थाको प्रमुख नगरका दाजुभाई बाबु–आमा, दिदी–बहिनीहरुलाई हार्दिक धन्यवाद दिने निर्णय सर्व सम्मती गरियो ।

**निर्णय नं. २**
रत्ननगर न.पा. वडा नं. ४ का नव निर्वाचित वडा अध्यक्ष श्री रविन्द्र चौधरीका पिताका नाउँमा रहेको नम्बरी जग्गा ०–०–१० धुर र सो ले चर्चेको ऐलानी जग्गा समेत वडा कार्यालय भवन निर्माण गर्नलाई दिन मनसाय व्यक्त गर्नु भएको हुँदा उल्लेखित जग्गा वडा कार्यालय भवनको लागि स्वीकार्ने निर्णय गरियो ।

**निर्णय नं. ३**
यस रत्ननगरका १ देखि १६ का वडा कार्यालय ०७४ असार मसान्तभित्र आ–आफ्ना वडा कार्यालय पायक पर्ने स्थानमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**
यस नगरपालिकाको बोर्ड बैंठक प्रत्येक महिनाको १०–२५ गते बैंठक बस्ने निर्णय गरियो साथै दुई (२:००) बजे र सार्वजनिक विदा परेमा भोली पल्ट बैंठक बस्ने निर्णय गरियो ।

**निर्णय नं. ५**
यस नगर भित्र निर्माणाधिन राजमार्ग समयमा सम्पन्न नहुँदा वातावरणीय हिसाबले पनि नगरवासीले दुःख खेग्नु परेको हुँदा छिटो भन्दा छिटो सम्पन्न गराई दिनका लागि र परिसर भित्र निर्माण भएको कार्यालय भवन पनि छिटो सम्पन्न गराउनका लागि जिल्ला प्राविधिक कार्यालय सडक डिभिजन चितवनलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**
यस नगर भित्रका सम्पूर्ण राजनैतिक दलका उम्मेद्धवारहरुले गरेका प्रतिवद्धता पत्र बमोजिम नगरभित्र कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**विविध :**
आज भएको पहिलो बोर्डै बैंठक वडा नं. १ देखि १६ का वडा अध्यक्षहरु बिच सौहार्द वातावरणमा सम्पन्न भयो ।

नारायण वन
नगर प्रमुख